Email : moeap5.temp@gmail.com

प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

०७१-५५०००३
०७१-५५००६३

प्रदेश नं. ५
बुटवल, नेपाल
२०७४

पत्र संख्या : ०७४/०७५
चलानी नं. :

मिति: २०७५/०१/१४

**विषय : आर्थिक वर्ष २०७४/७५ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन ।**

**प्रिय सहकारीज्यू**

आर्थिक वर्ष २०७४/७५ को सेवा र कार्यहरुको लागि प्रदेश नं. ५ प्रदेश संचित कोषबाट तहाँ मन्त्रालय/ सचिवालयले गर्ने सेवा र कार्यहरुको निमित्त खर्च गर्ने अधिकारका लागि प्रदेश नं. ५ प्रदेश सभावाट प्रदेश विनियोजन ऐन, २०७४ स्वीकृत भएको व्यहोरा यहाँलाई अवगत नै छ । उक्त ऐनको अनुसूचि र व्यय अनुमानको विवरणमा उल्लिखित रकम खर्च गर्ने अधिकार प्रदेश नं. ५, प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १६ बमोजिम अधिकार प्राप्त अधिकारीले खर्च गर्न सक्ने हुँदा सो अनुसार तहाँको लागि छुट्याइएको रकमको प्रचलित कानून बमोजिम खर्च गर्ने/गराउने , लेखा राख्ने , प्रतिवेदन गर्ने र लेखापरीक्षण गर्ने /गराउने समेतको जिम्मेवारी तहाँबाट हुने नै छ । तपसील बमोजिम मार्गदर्शनका आधारमा बजेट कार्यान्वयन गर्नु हुन अनुरोध गर्दछु ।

**(क) कार्यक्रम स्वीकृति तथा बजेट बाँडफाँड**

१. प्रशासनिक खर्च बाहेक चालु खर्च तर्फ कार्यक्रमगत खर्चहरु र पुँजीगत खर्च तर्फ विनियोजित रकमको क्रियाकलापगत विवरण सहित बार्षिक कार्यक्रम यस मन्त्रालयबाट स्वीकृत गराई कार्यान्वयन गर्नु हुनेछ ।

२. संघीय विनियोजन ऐन बमोजिम नेपाल सरकार, अर्थ मन्त्रालयबाट अख्तियारी प्राप्त भई मिति २०७४।१२।३० सम्म भएको खर्च रकमलाई प्रदेश विनियोजन ऐन २०७४ मा समावेश गरी मिलान गरिएको हुँदा उक्त मिति सम्म भएको खर्च यसै बजेटमा समावेश गरी मिलान गर्नु हुनेछ ।

३. स्रोतको सुनिश्चि तता नभई कार्यक्रम स्वीकृति वा संशोधन नगर्ने/नगराउने व्यवस्था पालना गर्नु हुनेछ। स्रोतको सुनिश्चितता नभई शुरु गरिएका खरिद प्रक्रिया वा अन्य कार्यबाट सिर्जना हुने दायित्वका लागि यस मन्त्रालयबाट थप बजेट निकासा गरिने छैन।

४. प्राकृतिक प्रकोप, विपद् र विशेष अवस्थामा बाहेक थप निकासा/ रकमान्तर मागलाई यस मन्त्रालयबाट सम्बोधन नगरिने हुँदा विनियोजित बजेटको सीमाभित्र रही साधारण प्रशासन तर्फको

खर्च व्यवस्थापन गर्न र विकास कार्यक्रम तर्फपनि बजेट सीमाभित्रै रही कार्यक्रम कार्यान्वयन गराउनुहुनेछ।

५. मन्त्रालय/सचिवालयमा उपलब्ध कार्यक्रमहरुमा विनियोजित रकम खर्च नगरी नयाँ कार्यक्रमका लागि थप निकासा माग गर्नु हुने छैन ।

६. बजेट तथा कार्यक्रममा समावेश भएको भएतापनि बैदेशिक भ्रमण गर्नु पुर्व यस मन्त्रालयको सहमति लिनु हुनेछ ।

**(ख) बजेट निकासा तथा बजेट कार्यान्वयन व्यवस्था**

७. बजेटको प्रभावकारी कार्यान्वयनको लागि समयसीमा सहितको कार्ययोजना बनाई कार्य सम्पादन गर्ने व्यवस्था मिलाउनु हुनेछ। यस मन्त्रालयले बजेट कार्यान्वयन स्थितिको निरन्तर अनुगमन गर्नेछ ।

८. विपद् व्यवस्थापन कोष, कृषि अनुदान कोष, सहकारी विकास कोष आदि कोषमा विनियोजन भएको रकम कोष सञ्चालन सम्वन्धी कार्यविधि र मापदण्ड स्वीकृत गराई कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुनेछ ।

९. खर्च शिर्षक नं. २८९११ (भैपरी आउने चालु खर्च) र ३१५११ (भैपरी आउने पूँजीगत खर्च) मा विनियोजित बजेट यस मन्त्रालयबाट बाँडफाँड स्वीकृत गराई मात्र खर्च गर्ने व्यवस्था मिलाउनु हुनेछ ।

**(ग) बजेट खर्च, रकमान्तर तथा प्रतिवेदन**

१०. पुँजीगत खर्च तर्फ विनियोजित रकम चालु खर्चमा र पुँजीगत अनुदानमा विनियोजित रकम चालु अनुदानमा रकमान्तर गर्न सकिने छैन।

११. पदाधिकारी र कर्मचारीको पारिश्रमिक , तलब, भत्ता, पोशाक, साथै पानी तथा बिजुली, संचार महसुलमा आगामी वर्षहरूको लागि दायित्व नसर्ने गरी खर्च व्यवस्थापन गर्नु हुनेछ । यी खर्च शीर्षकहरूबाट यस मन्त्रालयको स्वीकृति नलिई अन्यत्र रकमान्तर गर्न सकिने छैन

१२. स्वीकृत दरबन्दी तथा बजेटको परिधिभित्र रहेर मात्र सेवा करार व्यवस्थापन गर्नुहुनेछ। सेवा करारमा कार्यरत व्यक्तिहरुको पारिश्रमिक/सेवा शुल्क खर्च शीर्षक नं. २२४१३ बाट मात्र खर्च लेखु हुनेछ।

१३. विभिन्न प्रकारका भुक्तानी गर्दा अनिवार्य रुपमा नियमानुसारको आयकर कट्टी गर्ने व्यवस्था मिलाउनुहुनेछ।

**(घ) वित्तीय पारदर्शिता, जवाफदेहिता र अनुगमन सम्बन्धी व्यवस्था**

१४. तहाँको खर्चको विवरण मासिक रूपमा प्रकाशन गर्ने ब्यवस्था मिलाउनु हुनेछ।

१५. तलब, भत्ता, पारिश्रमिक, विजुली, टेलिफोन जस्ता अनिवार्य खर्च बाहेक रु. ५० हजार भन्दा माथिको खर्च भुक्तानी गर्नुअघि Website मार्फत सार्वजनिक गर्ने व्यवस्था मिलाउनु हुनेछ ।

१६. बजेट कार्यान्वयनको नियमित अनुगमन तथा समीक्षा गरी क्षेत्रगत उपलब्धि सूचक सहितको प्रगति विवरण, काम सम्पन्न हुन नसकेमा आइपरेका समस्या र कारणहरू उल्लेख गरी प्रदेश योजना आयोग र यस मन्त्रालयमा पठाउने व्यवस्था मिलाउनु हुनेछ।

१७. प्रचलित कानून बमोजिम स्थायी लेखा नं. (पान) लिनु पर्ने व्यक्ति, फर्म वा संस्थालाई रु. ५०००।- भन्दा बढी भुक्तानी गर्दा अनिवार्य रुपमा पान नं. उल्लेख गरी भुक्तानी गर्ने र यस्तो पान नं. को जानकारी प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउने भुक्तानी आदेशमा समेत उल्लेख गर्ने व्यवस्थाको प्रभावकारी रुपमा कार्यान्वयन गर्नु हुनेछ। तर तलब, भत्ता, दैनिक भ्रमण भत्ता र कार्यक्रम संचालन गर्नको लागि लिइने पेश्कीहरुको भुक्तानीमा भने स्थायी लेखा नं. (पान) आवश्यक पर्ने छैन।

१८. नगद कारोबार गर्दा हुन सक्ने जोखिम कम गर्नको लागि तलब भत्ता, सेवा करार समेतको सबै प्रकारका भुक्तानीहरू बैंक खाता मार्फत मात्र गर्ने व्यवस्था मिलाउनु हुनेछ।

१९. औषधि उपचार, उपदान, संचित विदाको रकम भुक्तानी गर्दा जतिसुकै रकम भएपनि AC/Payee चेकमार्फत मात्र भुक्तानी गर्ने व्यवस्था मिलाउनु हुनेछ।

**श्री सचिवज्यू**

**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं. ५, बुटवल ।**

**प्रदेशसभा सचिवालय, प्रदेश नं. ५, बुटवल ।**

**आन्तरिक मामिला तथा कानून मन्त्रालय,प्रदेश नं. ५, बुटवल ।**

**भौतिक पूर्वाधार विकास मन्त्रालय,प्रदेश नं. ५, बुटवल ।**

**सामाजिक विकास मन्त्रालय, प्रदेश नं. ५, बुटवल ।**

**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. ५, बुटवल ।**

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ५, बुटवल ।**

(थानेश्वर गौतम)

सचिव

**संलग्नः**

क) आ.व. २०७४/७५ को बजेट वक्तव्य - २ प्रति

ख) आ.व. २०७४ /७५ को व्यय अनुमान (खर्च शीर्षकगत र स्रोतगत समेत) - २ प्रति

ग) प्रदेश विनियोजन ऐन २०७४ - २ प्रति

**<u>बोधार्थः</u>**

श्री महालेखा परीक्षकको कार्यालय, बबरमहल, काठमाण्डौं।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं. ५, बुटवल रुपन्देही ।

श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाण्डौं ।

श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, रुपन्देही भैरहवा ।